DOI: https://doi.org/10.3126/cognition.v5i1.55437

# 'मोटरसाइकलको बिहे' बालनाटकमा सामाजिक यथार्थवाद

शेखर अर्याल[१]

**लेखसार**

*प्रस्तुत लेखमा छायादत्त न्यौपाने 'बगर'द्वारा लेखिएको मोटरसाइकलको बिहे (२०६७) नाटकसङ्ग्रहअन्तर्गत रहेको 'मोरसाइकलको बिहे' बालनाटकको विश्लेषण सामाजिक यथार्थवादी दृष्टिकोण, मार्क्सवादी सांस्कृतिक रूपान्तरण र विद्रोहात्मक चेतको परिप्रेक्षका आधारमा गरिएको छ । व्यक्तिवादको विपरीत भाव समाजवाद हो । समाजवादी यथार्थवादले सबै खाले उत्पीडनलाई अन्त्य गर्ने अनि समाजमा विद्यमान शोषण, दमन, विभेद, कुरीति, कुसंस्कार, वर्गीय विभेद अन्त्य गरी शोषणरहीत रूपमा स्वतन्त्र हुने कुरालाई मार्क्सवादी चिन्तनले आत्मसाथ गरेको छ । यो नै सामाजिक यथार्थवादको आधार हो । यसै मान्यताका आधारमा यहाँ छायादत्त न्यौपानेद्वारा लेखिएको 'मोरसाइकलको बिहे' बालनाटकको विश्लेषण गरिएको छ । यस नाटकमा एकातिर समाजको सामाजिक संस्कार र संस्कृतिको यथार्थ अवस्थालाई चित्रण गरेको छ भने अर्कोतिर हाम्रो समाजमा रहेको संस्कार र संस्कृतिका रूपमा रहेको विवाहको समयमा हुने दाइजोको विकराल अवस्था अनि बाध्यात्मक अवस्थामा परेर गर्नुपर्ने सामाजिक संस्कारको विद्रोह गरी मोटरसाइकलसँग माला लगाएर स्वयंवर गर्न लगाएर विद्रोह गरिएको छ । अन्त्यमा दुलही पक्षका मानिस असल संस्कार निर्माण गर्नका लागि दाइजोविना विवाह सम्पन्न गराएर दुलही अन्माइएको छ । यस अवस्थाले समाजको वास्तविकताको जानकारी गराउनुका साथै समाजमा जरा गाडेको दाइजो प्रवृत्तिको विद्रोह भएकाले मार्क्सवादी चिन्तनमा आधारित वर्गीय विभेद तथा समाजमा रहेको कुसंस्कृतिका विरुद्ध विद्रोह गरी असल संस्कारको निर्माण गर्ने कुरा प्रष्ट रूपमा राखिएको छ ।*

**शब्दकुञ्जीका** : सामाजिक यथार्थवाद, सामाजिक सांस्कृतिक रूपान्तरण, विद्रोहात्मक चेत, कुरीति र कुसंस्कार

## विषयपरिचय

'बगर' उपनामबाट परिचित छायादत्त न्यौपाने (२०२२) साहित्यिक सिर्जना र समालोचनाका क्षेत्रमा कलम चलाउने व्यक्ति हुन् । 'हाम्रो भन्डा' निबन्ध (२०४२) बाट साहित्ययात्रा सुरु गरेका न्यौपानेका बालसाहित्यतर्फ कथा, जीवनी, निबन्ध, नाटक, उपन्यास र बालगीत सङ्ग्रहहरू प्रकाशित छन् । बालकथासङ्ग्रहमा बालदिवस (२०६२), बाटो तताउने नाति (२०६३), साथीभाइको कथा (२०६७) र डाँफे चरी (२०६७) प्रकाशित छन् । बालजीवनीसङ्ग्रहमा केही असल मानिसहरू (२०६२) प्रकाशित छ । बालनिबन्धसङ्ग्रहमा हजुरबाको गाउँ (२०६४), फरर ताली (२०६७) र उस्तै उस्तै छेपारो जस्तै (२०६८) प्रकाशित छन् । बालकवितासङ्ग्रहमा पुतलीको बिहे (२०६५), टुर्रटुर्र कराउँछ (२०६६), मुनी पाठी (२०६५), भ्यागुताको बिहे यो (२०६७), म खेल्छु (२०६९), धर्ती मुस्कुराउँछ (२०७०), धेरै केरा (२०७०) र प्वाँप्वाँ भ्वाँभ्वाँ (२०७२) प्रकाशित छन् । त्यस्तै अन्य बालकृतिमा गुराँस भुल्दै छ (२०६३), कति राम्रो क (२०६३) बालगीतसङ्ग्रह, आइँ पाडीले दुध खायो (२०६४) बालउपन्यास, हाम्रा कुरा (२०६७) बालसंवादसङ्ग्रह प्रकाशित छन् । बगर मूलत ः साहित्यका विविध विधामा क्रियाशील व्यक्तित्व हुन् । उनले बालनाटक पनि सिर्जना गरेका छन् । यिनका बालदिवस

१ लेखक महेन्द्र आदर्श विद्याश्रम कलेजमा प्राध्यापनरत हुनुहुन्छ । ईमेलः shekhararyal777@gmail.com

(२०६३) र मोटरसाइकलको बिहे (२०६७) दुई बालनाटकसङ्ग्रह प्रकाशित भएका छन् । उनका नाटकमा मूलतः प्रगतिवादी चिन्तन प्रस्तुत भएको देखिन्छ। त्यसैले उनलाई प्रगतिवादी नाटककारको रूपमा लिन सकिन्छ। समयानुकूल सञ्चार सामग्रीको उपयोगमा विशेष जोड दिनु, बालबालिकामा रहेका विसङ्गतिलाई सुधार्ने प्रयास गर्नु, सीमित स्रोतबाट अधिक उपयोग गर्ने सोच राख्नु, दुरदर्शी एवम् उपयोगी विचार हुनु, सञ्चारका साधनको सही उपयोग नहुँदा समय नष्ट बनाएको तथ्य उतार्नु, सामाजिक यथार्थवादी सोचलाई व्यवहारिक ढङ्ले प्रयोग गर्नु, बालमस्तिष्तलाई आफै सक्रिय गराउँदा वातावरण सहज हुने सोच राख्नु, नचाहिँदा अनुकरणको अन्त्यमा चासो राख्नु, निम्न वर्गीय बालबालिकाले अवसर पाउनुपर्ने सोच राख्नु, समाजमा विद्यमान कुरीति र कुसंस्कारप्रति औँला उठाउनु, अभिभावकभन्दा बालबालिका सक्रिय हुनुपर्नेमा जोड दिनु, सडकबालबालिकाको संरक्षण हुनुपर्नेमा जोड दिनु उनका बालनाट्यगत विशेषता हुन् । सामाजिक तथा शैक्षिक समस्या घटाउने उपायका साथै उनका बालनाटकले अभिनय कलालाई माध्यम बनाई बालसंसारका अभावलाई भावका रूपमा फेर्न खोज्नु (अधिकारी र फुयाल २०७५, पृ. २१४) पनि न्यौपानेको नाट्यगत विशेषता हो ।

समाजवादी भन्नाले समाजवादलाई स्वीकार्छ भने यथार्थवादले वास्तविकतामा आधारित सिद्धान्त वा दर्शनलाई स्वीकार गर्दछ। समाजवाद शब्दको प्रयोग सन् १८२० को दशकको अन्त्यतिर फ्रान्सका सिं सिमों (saint simon) र चार्ले फोरिए (charles eourier) तथा बेलायतका रोबर्ट ओवेन (robert owen) (नेपाली साहित्यकोश २०५५, पृ. ८६२) ले गरेका हुन् । समाजवाद कुनै विशेष उद्देश्य लिएर समाजलाई पुनर्गठन गर्ने काम हो । समाजवादले उत्पादनका साधन समाजका केही व्यक्तिको नियन्त्रणमा रहेको अवस्था वा मानिसमा हुने शोषण र पूँजीवादी व्यवस्थाको अन्त्य गर्नु हो। यो कुरालाई बालबालिकाको व्यवहारिक जीवन वा समाजमा रहेको वर्गीय अवस्थालाई प्रष्ट पार्दै आत्मनिर्भर बन्न सक्ने अवस्थाको जानकारी प्रदान गर्नु हो। मार्क्स तथा वैज्ञानकि समाजवादका महत्त्वपूर्ण व्यक्ति कार्लमार्क्स (१८१८–८३) हुन् । व्यक्तिवादको विपरीत भाव समाजवाद हो । समाजवादी यथार्थवादले सबै खाले उत्पीडनलाई अन्त्य गर्ने अनि समाजमा विद्यमान शोषण, दमन, विभेद, कुरीति, कुसंस्कार, वर्गीय विभेद अन्त्य गरी शोषणरहीत समाजका रूपमा स्वतन्त्र हुनु हो । बगरद्वारा लेखिएको मोटरसाइकलको बिहे बालनाट्यकृतिले सामाजिक सांस्कृतिक रूपान्तरणलाई आत्मसाथ गरेको छ भन्ने कुरालाई आधार बनाएको छ । तसर्थ प्रस्तुत लेखको प्रमुख उद्देश्य उक्त बालनाटकमा सामाजिक विषय, सामाजिक सांस्कृतिक रूपान्तरण, विद्रोहात्मक चेतको अवस्था पहिचान गर्नु हो ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका निमित्त बालनाटककार छायादत्त न्यौपाने बगरद्वारा लिखित मोटरसाइकलको बिहे नाट्यकृतिलाई प्राथमिक शोधसामग्रीका रूपमा छनोट गरिएको छ। द्वितीयक सामग्रीका रूपमा कार्लमार्क्सको मार्क्सवादी सिद्धान्तको विमर्श गरिएका पुस्तक तथा पत्रपत्रिकाबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ। सामग्री सङ्कलनका लागि पुस्तकालय स्रोतलाई प्रमुख आधार बनाइएको छ।

## सैद्धान्तिक आधार

साहित्यमा यथार्थवादको सुरुवात सन् १८३० तिरको जर्मन साहित्यबाट भएको मानिन्छ। सन् १८५७ मा प्रकाशित स्याम्फ्लेर (१८२१-१८८९) को 'lereaism' शीर्षकको लेखबाट यथार्थवादको घोषणापत्र मानिन्छ। सोभियत लेखकहरूको पहिलो सङ्घीय महाधिवेशनमा बोल्दै मैक्सिम गोर्कीले समाजवादी यथार्थवादको सम्बन्धमा आफ्नो विचार व्यक्त गरेका थिए।

समाजवादी यथार्थवाद मार्क्सवादी सिद्धान्तमा आधारित छ। समाजवादी यथार्थवादलाई प्रगतिवाद पनि भनिएको पाइन्छ। यी दुवै पर्यायवाची शब्दका रूपमा विकसित भएका छन् । यी सिद्धान्तको सार सबै खालको

उत्पीडनलाई अन्त्य गर्ने अनि समाजमा विद्यमान शोषण, दमन, विभेदलाई अन्त्य गरी शोषणरहित स्वतन्त्र समाज वा व्यक्तिको स्थापना गराउनु हो। मार्क्सवादी समाजवादको सैद्धान्तिक सार भनेको द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्षको सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तलाई मूल रूपमा आत्मसाथ गरिएको छ। (नेपाली साहित्यकोश २०५५, पृ. ८६७)

समाजवादी यथार्थवादको उत्पत्ति बिसौँ शताब्दीकै सुरुमा रुसबाट भएको थियो। यथार्थवादका संस्थापक मैक्सिम गोर्की थिए। उनीद्वारा प्रतिपादित यथार्थवादभित्र समाजवादी यथार्थवाद उपयोगी बन्न पुग्यो। सामाजिक यथार्थवाद मार्क्सवादी सिद्धान्तमा आधारित छ। त्यसैले मार्क्सवादलाई समाजवादी यथार्थवाद भनिन्छ। मार्क्सवादीले साहित्यमा भाव पक्ष र रूप पक्ष हुने कुरा राखे। त्यसमा भाव पक्ष प्रधान भए पनि रूप पक्षको भूमिका महत्त्वपूर्ण हुने कुरा बताए। यसरी हेर्दा समाजवादी यथार्थवाद भनेको कलात्मक ढङ्गबाट विकास गरिएको द्वन्द्वात्मक भौतिकवाद हो।

सामाजिक यथार्थवाद वास्तवमा साहित्यमा एक उपयोगी दृष्टिकोण हो। यसलाई कार्लमार्क्स सिद्धान्तले सामाजिक यथार्थलाई प्रभावित गरेपछि झन् सशक्त बन्यो। शोषण र शोषित वर्गको प्रतिनिधित्व गरेको यस सिद्धान्तले जीवनजगत्को वस्तु पक्ष जस्तो छ त्यस्तै चित्रण गर्दछ। दार्शनिकहरू यथार्थलाई संवाद र सङ्गतिका आधारमा वस्तुसत्यको पहिचान दिन्छ (शर्मा र लुइटेल २०६७ पृ ३००)। यसबाट पनि के प्रष्ट हुन्छ भने सामाजिक यथार्थ व्यक्तिका जीवनमा देखिने यथार्थ वा वास्तविकतालाई जस्ताको तस्तै उतार्ने कार्य गर्दछ भन्ने कुराको सङ्केत गर्दछ।

सम्बन्धित समाज र जनजीवनका विभिन्न संस्था र पक्ष (घरपरिवार र पुस्ता, छरछिमेक, विवाह तथा नाता सम्बन्ध, साथीसङ्गति, पेसा व्यवसाय र वर्ग एवम् आर्थिक आधार, शैक्षिक तथा धार्मिक सांस्कृतिक सन्दर्भ, चालचलन र आमोदप्रमोद तथा राजनैतिक दिशा आदि) को वस्तुगत प्रामाणिक छनोटपूर्ण अभिलेखन यथार्थवादका कार्यक्षेत्र हुन आउँछ (त्रिपाठी, २०६५ पृ ५२)। यसरी हेर्दा पनि सामाजिक यथार्थवादले समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक आदि विषयलाई हेर्दै सामाजिक सुधार, सांस्कृतिक रूपान्तरण, क्रान्ति, विद्रोह र पुनर्रचनाको आग्रहलाई आत्मसाथ गरी समाजको चित्रण गर्ने गर्दछ। यिनै सामाजिक विषयलाई मार्क्सले समाजवादी यथार्थभित्र समावेश गरे। साहित्यमा समावेश भएका यी विचारमध्ये सामाजिक यथार्थवादी विषयवस्तु, सामाजिक सांस्कतिक रूपान्तरण र सामाजिक विद्रोहात्मक चेतको खोजी मोटरसाइकलको बिहे बाल नाटकमा गरिएको छ।

**'मोटरसाइकलको बिहे' बालनाटकमा सामाजिक विषय**

छायादत्त न्यौपानेद्वारा लिखित 'मोटरसाइकलको बिहे' नाटक पाँच दृश्यमा संरचित छ। यो नाटक बिस पृष्ठमा विस्तारित भएको छ। यस नाटकको विषयवस्तु केटाकेटीहरू हातहातमा खेलौना पुतली लिएर कक्षाकोठामा उपस्थित भएपछि रङ्गीचङ्गी पुतलीहरू मिलाएर राखेको अवस्थाबाट सुरु भएको छ। यसका साथै भाँडाकुटीमा खाना पकाउन थाल्दा विवाहको प्रस्ताव लिएर म्याउँची पुतलीका घर झुसे पुतलीको प्रवेश भएर नाटक आरम्भ भएको छ। यहीँबाट सामाजिक सन्दर्भलाई जोड्दै समाजमा हुने यथार्थ घटनालाई बालबालिकाले पनि त्यसको सिको गर्छन् भन्ने कुरालाई यथार्थपरक ढङ्गबाट देखाइएको छ।

नाटकको पहिलो दृश्यमा मिनी, झुसे, तित्रे, पुन्टे र लिखेबिच पारिवारिक परिचय गर्दै अभिनयात्मक ढङ्गले कुराकानी अगाडि बढेको विषयवस्तु रहेको छ। झुसे विवाहको प्रस्ताव लिएर गएको छ। जुन प्रस्ताव उसले म्याउची र प्युपाको विवाहको छ। अभिभावकको पनि समर्थन हो भनी मिनीले राख्दा झुसेले मलाइ जा भनेर आएको कुरा व्यक्त गरेको छ। 'कन्या त हामी दिने हो तर अरू केही दिँदैनौ' भन्दा केटा पक्षको पनि

त्यस्तै इच्छा छ भनी विवाहका कुरा टुङ्ग्याइएको छ। असल कन्या भए केही नचाहिने कुराले कन्या पक्षबाट समर्थन जनाएका छन्। आजको समयमा पनि अरू के नै माग्नुपर्छ भन्दै भुसेले मिनीको कुरा स्वीकारेको छ। यसले हाम्रो समाजमा विवाहको समय केटा पक्षबाट केटी पक्ष कहाँ गई कन्या माग्ने प्रचलन रहेको विषयलाई नाटकीय रूपमा उतारिएको छ। समाजमा जति नै आधुनिक बन्न खोजे पनि आफ्नो परम्परा राख्नुपर्छ भन्दै पुन्टेले दाइजोको कुरा गर्दा मिनीका माध्यमबाट दाइजो मागे बिहे हुँदैन भनी भुसेसँग प्युपा आएको छ। मिनीले प्युपाको घर र बस्ने ठाउँ सोधेकी छ। सिस्ने घारीमा बस्ने कुरा भुसेले बताएपछि पुन्टेले प्युपालाई, 'के गर्दै हुनुहुन्छ ?' भनेर सोध्दा केही नगर्ने बरु साना प्युपा खाएर बस्ने भन्नासाथ कुरा परिवर्तन गरी प्युपाको रेखदेखतर्फ कुरा बङ्ग्याउँछ। च्याउँसी मन पार्नाको कारण राम्रो आनीबानी भएको कुरा भुसेबाट प्रकट हुन्छ। हाम्रो समाजमा विवाहको समय आफै कुरा नगरी अभिभावकसँग कुरा हुने वषियलाई पनि गहन रूपमा उतारिएको छ। यसै क्रममा मिनीले प्युपालाई च्याउँसी दिने तर धनसम्पत्ति नदिने आफ्नो चलन भएको कुरा बताएकी छ। प्युपाले पनि हामी यस्तै चाहेको भनी श्रम गरेर जिउनुपर्छ भनेर कुरालाई स्वीकार्दछ। यसै समय च्याउँसीको प्रवेश हुन्छ। च्याउँसी र प्युपाको कुराकानी हुन्छ। च्याउँसी लाज मान्छे। उनीहरूले एकअर्कालाई रुचाउँछन्। दुईको इच्छा भएपछि विवाहको कुरा टुङ्गिन्छ। त्यसपछि विवाहको मिति टुङ्ग्याएर बन्दोबस्त गर्नुपर्छ भनी मिनीले बताउँदा भुसेले तडकभडक नगरी विवाह गर्ने कुरा बताउँदा प्युपाले पनि समर्थन जनाउँछ। विवाहको दिन पनि पक्का हुन्छ। यही घटनाका साथ पहिलो दृश्यको अन्त्य हुन्छ।

दोस्रो दृश्य गीतिकविताका माध्यमबाट आरम्भ भएको छ। यसमा साथीलाई पुतलीको बिहेमा छिमेकीलाई बोलाउने लगनगाँठो पारेर पञ्चेबाजा बजाउने विषयवस्तु प्रस्तुत भएको छ। पाका पुतली मानिसले बिहे पक्का भयो भनी कन्यातर्फबाट के के दिने भए भनेका छन्। साधारण तरिकाले विवाह गर्ने कुराले जोरीपारीले के भन्छन् भन्दै दाइजोलाई वढवा दिइएको कुरा अभिव्यक्त भएको छ। प्युरीले भुसेलाई गएर एउटा मोटरसाइकल र त्यसैअनुरूप अन्य सामग्रीको व्यवस्था मिलाएर आउन भनी हाम्रो सामाजिक संस्कारको चलनलाई अगाडि सारिएको छ। दाइजो प्रस्ताव लिएर भुसे दुलहीको घर पुग्छ। यही विषयवस्तु सँगै दोस्रो दृश्यको अन्त्य भएको छ।

नाटकको तेस्रो दृश्यमा मिनीसँग दुलहापट्टिकाले अप्ठेरो पारेकाले केही गर्नुपर्ने कुरा सँगै सुरु हुन्छ। यस कुराले मिनी रिसाउँछे तर पनि 'के चाहियो ?' भनेर सोधेकी छ। यसको उत्तरमा भुसेले एउटा मोटरसाइकल र त्यो सुहाउँदो अन्य सामग्री हुनुपर्ने कुरा राखेको छ। मिनीले पहिले नै दाइजो नदिने कुरा गरेकी थिएँ तर अहिले आएर तौलन खोज्ने भन्दै त्यसको जवाफमा छुट्टै स्वाद चखाउनुपर्ने निर्णय सबैसँग बसेर गरेकी छ। यो वास्तविक रूपमा समाजमा रहेको विकृतिका विरुद्ध गरिएको बौद्धिक समाधान हो। यो कुरा युवाभन्दा पनि बुढापाकाहरूको मन राख्न भन्नु परेको कुरा भुसेले गरेको छ। दाइजोको प्रस्ताव राखी समाधान हुने कुरा लिएर भुसे बेहुलाको घरतिर आएको प्रसङ्ग सँगै तेस्रो दृश्यको अन्त्य भएको छ।

नाटकको चौथो दृश्य भुसेलाई के भनेर पठाए भन्दै बेहुलाको पक्षबाट सोधेको प्रसङ्ग सँगै सुरु भएको छ। भुसेले मुस्किलले कुरा मिलाएको विषय व्यक्त गरेको छ। संवादकै क्रममा सबै नेपाली पोसाकमा सजिएर छिमेकीहरू भेला भएर नेपाली पञ्चेबाजाको धुनसँगै जन्त गएको विषयबाट चौथो दृश्य अन्त्य भएको छ।

पाँचौं दृश्यमा 'ल जन्ती आइपुगे' भनी सुरु भएको छ। दुलहीपट्टिकाले 'अब दुलही सजाउन थाल' भन्दै स्वयंवर गर्ने समयमा प्युपा माला र औंठी लगाइदिन दुलही खोज्छन्। दुलही यही हो औंठी लगाइदिनुभन्दा सजाइएको मोटरसाइकल देखाइएको छ। यसले गर्दा खैलाबैला मच्चिएको छ। भुसेले 'के यही हो दुलही ?' भन्दा हो, यही हो दुलही औंठी लगाइदिँदा हुन्छ भनी जवाफ दिएको छ। यसका साथै लिखेले मोरसाइकल चाहिन्छ भनेकाले सामानसँगको बिहे हो भन्दै जवाफ दिएको छ। भुसेले मिनी दिदीलाई बोलाएर 'खोइ दुलही ?' अरू त मोटरसाइकलसँग स्वयंवर गर पो भन्छन्। यो के हो ? भन्दा तिमी दाइजो मागी प्रतिष्ठित

हुने, अरूसँग दाइजो लिएर तडकभडक गर्ने ? विवाह तडकभडकले र दाइजोले होइन सरलशैली अनि असल व्यवहारबाट गर्न जान्नुपर्ने कुरा गरेकी छ। 'के पुतली गाउँको इज्जत यही हो ?' भनी दुलहीपट्टिकाले असहमती जनाउँदा यो कुरा हामीले पहिले नै लमीसँग स्पष्ट पारेका थियौँ भन्दै मिनीले जवाफ दिएकी छ। त्यसपछि लमी भुसेले उहाँहरूले हामी दाइजो दिँदैनौँ भनेर परिवारका सदस्यले भनेको र दुलहीले पनि दाइजो माग्नेसँग विवाह नगर्ने भनेको कुरा स्वीकार्छ। दुलहातर्फकाले कुरा फेरी दाइजो माग्दा यस्तो भएको कुरा व्यक्त गरेको छ। दाइजोको चलन राम्रो नभएको कुरा धेरैले राखेपछि दुईपक्षबिच विविध तरिकाले लामो संवाद चल्छ। आखिरमा मोटरसाइकल प्रदर्शन स्थलतिर पठाएर दुलही ल्याई स्वयंवर गर्नेतिर लागे अनि सबैले शुभकामना दिएर दुलही अन्माएको विषयवस्तु रहेको छ। अन्त्यमा गीतिकविताकै माध्यमबाट दुलहीलाई अन्माउन थालेको, न्यानो आशिष दिएर डोलीमा चढाएर कर्मघर पठाएको प्रसङ्ग सँगै नाटक अन्त्य भएको छ।

यसरी 'मोटसाइकलको बिहे' बालनाटकको विषयवस्तु हाम्रो समाजमा हुने वैवाहिक घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ। नाटकमा पुतलीको समाज निर्माण गरी हाम्रो समाजमा गरिने संस्कार, रीतिरिवाज, चालचलन र सामाजिक मूल्य र मान्यतालाई अगाडि बढाएर पुरानै ढर्रामा अगाडि बढेको विषयलाई नाटकको कथानका रूपमा समावेश गरिएको छ।

**'मोटरसाइकलको बिहे' बाल नाटकमा सामाजिक तथा सांस्कृतिक रूपान्तरण**

'मोटरसाइकलको बिहे' बालनाटकले सामाजिक र सांस्कृतिक रूपान्तरणको अपेक्षा राखेको छ। यस नाटकमा समाजमा रहेको दाइजोप्रथा एउटा संस्कृति बनेर अगाडि बढेको छ। यसलाई हटाउनका लागि भएको प्रयास सहज रूपमा हट्न सकेको छैन। नाटकको पहिलो दृश्यमा बिहे गर्ने क्रममा केटा पक्षका मानिस केटी पक्षकहाँ विवाहको प्रस्ताव लिएर जाने हाम्रो संस्कार र संस्कृति उल्लेख भएको विषयले पुष्टि हुन्छ। यस कुरामा नाटककार पात्र भुसेका माध्यमबाट भन्छन् : "ल सुन कुरा के भने नि तिमीहरूकी म्याउँची र सिस्नेघारी प्युपाको विवाह गरिदिऊँ भनेर आएको छु। यो प्रस्तावमा प्युपालाई मञ्जुर छ, तिमीहरू के भन्छौ ?" (पृ.५) माथिको उदाहरणबाट विवाहको कुरा लगेर गएको भुसे लमीले कन्या पक्षकहाँ गएर आफूले ल्याएको कुरा सुनाउँदै म्याउँची र प्युपाको विवाह गराइदिनका लागि म्याउँची माग्न आएको कुरा व्यक्त गरिएको छ। यो प्रस्ताव प्युपालाई मञ्जुर छ तर म्याउँचीको के कस्तो छ भनी कुरा गरिएको छ। यस कुराले हाम्रो समाजमा केटा पक्षबाट केटी पक्षकहाँ माग्न जाने संस्कृति प्रष्ट रूपमा उतारिएको छ। परम्परादेखि चल्दै आएको संस्कृतिअनुसार केटा पक्षबाट केटी पक्षकहाँ माग्न जाने चलन रहेको कुरालाई पनि देखाइएको छ। त्यही संस्कृतिअनुसार भुसे म्याउँचीलाई माग्न गएको कुराले पुष्टि गरेको छ।

नेपाली समाजमा विवाहको प्रस्ताव लैजाने व्यक्तिले कन्या पक्षका अभिभावकसँग कुराकानी गर्नुपर्ने विषयलाई संस्कारका रूपमा चित्रण गरिएको छ। नाटकमा पनि केटी पक्षकी मिनीसँग कुरा राखिएको छ। यो समाजमा रहेको वास्तविक विषय हो।

कन्या पक्षबाट श्रद्धासाथ फूलअक्षताका साथ कन्या दिने, अरू केही नदिने कुरा भएको छ। केटा पक्षबाट पनि असल कन्या भए सबै हुने विचार व्यक्त भएको छ। यस कुराबाट पनि दाइजो नदिने तर श्रद्धाले विवाह गर्ने परिवर्तित सांस्कृतिक रूपान्तरणको कुरा अभिव्यक्त भएको छ। समय सँगै दाइजोप्रथाको अन्त्य गर्न त्यसमा परिवर्तन हुनुपर्ने विषय उठेबाट पनि सामाजिक सांस्कृतिक रूपान्तरणको कुरा पुष्टि हुन जान्छ। नाटककार पुन्टे पात्रका माध्यमबाट व्यक्त गर्दछन् : "प्युपा, यो तित्रे के भन्छ, दाइजोसाइजो जोरजामको कुरा नगर है। यो खराब चलन त हटाउनै पर्छ। फेरि च्याउँसी पनि दाइजो माग्नेसँग बिहे गर्दिन भन्ने अठोटमा छे" (पृ.७)। यस उदाहरणबाट पनि दाइजोको विरोध गर्दै यस्तो खराब चलन हटाउनुपर्छ भन्दै समर्थन जनाइएको छ। यस कुराले

समाजमा विद्यमान रहेको दाइजोप्रथाप्रति परिष्कार हुनुपर्छ भनी सामाजिक रूपान्तरणको कुरा अगाडि सारी बालबालिकालाई यसबाट मुक्त बनाउनुपर्ने कुरा प्रष्ट पारिएको छ ।

त्यस्तै मिनीका माध्यमबाट सामाजिक सांस्कृतिक विषयका बारेमा मिनी पात्रका सहायताले यसरी प्रस्तुत गरिएको छ :

> ल प्युपाज्यू ! हामी त केबल च्याउँसी दिन्छौँ । हामीकहाँ धनसम्पत्तिसित कन्या दिने चलन छैन । हामी अरूबाट धनसम्पत्ति पाइएला कि भनेर लोभ, आसा भरोसा केही गर्दैनौँ । दिने चलन त झन रोगी, भोगी, ढोँगी र अल्छी बनाउने गलत तरिका हो । यो सामाजिक रोग सकेसम्म छिटो निको हुनुपर्दछ । भन्ने हाम्रो विचार छ । विवाहमा सम्पत्ति लिने दिने दुवै सुधार गर्नुपर्ने चलन हुन् । हामी प्रयासमा छौँ । कुरा बुझ्नु भो नि ! यसमा यहाँको केही भन्नु छ कि ? चित्त नबुझेको कुरा नलुकाऔ है ! (पृ.८)

माथिको कथनमा कन्या पक्षबाट च्याउँसी दिइएको तर धनसम्पत्तिसित कन्या दिने चलन नभएको कुरा व्यक्त छ। यदि कसैले लोभ गऱ्यो भने त्यो गलत तरिका रहेकाले त्यो एक खालको सामन्ती रोग रहेको कुरा यस कथनमा रहेको छ। विवाह विशुद्ध हुनुपर्छ। यो त सम्पत्ति लिने दिने कुरामा सुधार गर्नुपर्छ। समाजमा रहेका यस्ता सांस्कृतिक दाइजोप्रथाको विषय सामाजिक रोग हो। यसलाई हामी सबै मिलेर हटाउनुपर्छ। यस्ता विकृति, विसङ्गति र खराब संस्कार हटाई समाजसुधारतर्फ लाग्नुपर्छ भन्ने दृष्टिकोण रहेको छ। यसले पनि सामाजिक सांस्कृतिक रूपान्तरणका लागि सशक्त आवाज उठाएबाट प्रष्ट हुन्छ ।

दाइजोले होइन श्रम गरेर जिउनुपर्छ भन्ने कुरालाई पनि समावेश गरिएको छ। विवाह परम्परागत रूपमा केटाकेटीको सहमतीमा नभई अभिभावकको निर्णयमा विवाह हुने कुराको विरोध गर्दै आधुनिक समयमा दुवै जना भेट भएर आआफ्ना कुराकानी राख्नुपर्ने कुरा समावेश गरिएको छ। यो पनि एक खालको सांस्कृतिक रूपान्तरणको पक्ष हो ।

नाटकको दोस्रो दृश्यमा केटी पक्षबाट के के दिने भए भनी पाका पुतली मानिसले भन्दा केटी पक्षबाट कन्याबाहेक अरू केही नदिने कुरा गरेका छन्। यसको उत्तरमा हाम्रा जोरीपारी के भन्छन् भनी दाइजो दिने संस्कृतिको पक्षपोषण एकातर्फ गरेका छन् भने अर्कोतर्फ कन्याबाहेक केही नदिने कुराबिच संस्कार संस्कृतिको पक्षविपक्ष भएको छ। लमी झुसेलाई कन्याको घर गएर मोटरसाइकल र सामान थप्न भन, पछि अझै थप्दै जानुपर्छ भन्ने कुराले हाम्रो समाजमा विद्यमान दाइजोप्रथाको कुरालाई सशक्त रूपमा देखाइएको छ। यो त एक संस्कृतिका रूपमा जरा गाडेको छ। यही प्रस्ताव लिएर झुसे कन्याको घर गए सँगै दोस्रो दृश्यको सांस्कृतिक पक्षको विषय समाप्त भएको छ।

नाटकको तेस्रो दृश्यमा झुसे कन्याको घर गई मिनीसँग दुलाहपट्टिकाले अप्ठ्यारो पारे, छिमेकीलाई देखाउनका लागि भएपनि केही गर्नुपर्ने भयो भनी दाइजोको प्रस्ताव गरेको छ। एक पक्षको सांस्कृतिक रूपान्तरणका लागि भूमिका निर्वाह गर्ने मिनी रिसाएर पहिल्यै भन्नुपर्ने भन्दै 'के चाहिएको हो ?' भनेर सोधिएको छ। एउटा मोटरसाइकल र त्यो सुहाउँदो व्यवहार हुनुपर्ने कुराले केही संवाद चले पनि दाइजोको स्वाद चखाउनुपर्छ भनेर दाइजो प्रस्ताव स्वीकार गरेका छन्। दाइजोको समर्थन त गरे तर त्यसलाई निराकरण गर्ने योजना पनि तयार गरेका छन्। यसले पनि सांस्कृतिक विचलनको विरोध गरेको छ। त्यसपछि दाइजोको प्रस्ताव राखेर त्यसको समाधान हुने कुरा लिएर लमी झुसे बेहुलाको घरतिर आएको प्रसङ्ग सँगै तेस्रो दृश्यको अन्त्य भएको छ।

चौथो दृश्यमा सांस्कृतिक रूपान्तरणको विषयवस्तु गहन ढङ्गबाट नउठे पनि विवाहमा जन्ती जाने परम्परा र संस्कृतिको कुरा भएको छ। जन्त जाँदा आफ्नो संस्कार र संस्कृतिलाई जगेर्ना गर्नका लागि आफ्नै कला वा

बाजागाजा बजाउने, पोसाकमा सजिएर जन्त जाने, टीका लगाउने, समाज वा परिवारका सबैको जमघट हुने जस्ता संस्कार र संस्कृतिको संरक्षणमा समेत जोड दिएको छ। यही क्रममा यो दृश्यको विषय समाप्त भएको छ।

पाँचौँ दृश्यमा विवाहको सन्दर्भमा दुलाह पक्षबाट दुलही पक्षकहाँ जन्ती लिएर गएपछि दुलही पक्षकाले दुलही ल्याएर माला औँठी लगाएर स्वयंवर गर्ने संस्कार रहेको छ। त्यही संस्कारअनुरूप प्युपाले माला औँठी लगाइदिन दुलही खोजेको छ। मोटरसाइकलसँग स्वयंवर गर्न भनी दुलाहलाई भन्नु दाइजोप्रतिको विद्रोह हो। दाइजोप्रथाको संस्कारमा परिवर्तन हुनु हो। विवाह त दाइजोको तडकभडकले नभएर सरल शैलीमा गर्नुपर्छ भन्ने कुराले दाइजो संस्कारको रूपान्तरण गर्नुपर्ने कुरा हो। विवाहमा अलिकति परम्परागत चलनचल्ती हुनुपर्ने कुरा हुँदा दुलही पक्षबाट पहिले भनेको कुरा जानकारी गराउँछन्। दाइजो दिनु राम्रो होइन। यी कुराको संवाद हुँदा प्युपा दुलाहले हामी पनि दाइजोको विरोध गर्छौं भनेबाट प्रष्ट हुन्छ। केटाकेटी असल भए हुन्छ। दाइजो नभएर नाक काटिने होइन बरु दाइजो मगन्तेको नाक काटिने हुनाले दाइजो बहिष्कार गरी असल संस्कृति निर्माणको सहमती भएको छ। यसले नाटकमा संस्कृति रूपान्तरणको एक पक्ष दाइजोप्रथाको विषयलाई सफल बनाएको छ। जसलाई मिनीका माध्यमबाट नाटककार भन्छन् :

> हो, बल्ल घैँटामा घाम लागेछन्। ठीक भन्नु भो, चलनचल्ती भनेर समाजमा भेदभाव देखाउने र फाटो ल्याउने गलत कुरालाई पछ्याउने होइन, यस्तो चलन त हटाउनुपर्छ, समस्त जनतामा आत्मीय वातावरण बन्न सक्ने सजिलो चलन चलाउनुपर्छ। यो निर्णयमा फेरि पनि केही आपत्ति छ कि कसैको ? (पृ:२०)

यस भनाइले समाजमा रहेको चलनचल्ती भनेर दाइजोले समाजमा भेदभाव ल्याउने गलत कुरालाई अब पछ्याउने होइन यस्ता चलनलाई हटाएर सुसंस्कृतिको निमार्ण गर्नुपर्छ भन्ने कुरालाई प्रमाणित गरेको छ। अन्तिममा दाइजो भनी माग गरिएको मोटरसाइकल साहूकोमा फर्काएर असल संस्कार र संस्कृतियुक्त लगनगाँठो बाँधी विवाह गरी शुभकामना दिएर दुलही अन्माइएको छ। यसपछि माइतीघर शून्य हुने हाम्रो परम्परा, संस्कार र सांस्कृतिक कुरा प्रस्तुत भएको छ।

यसरी नाटकमा विवाहमा लमी बनेर कन्या माग्न जाने संस्कार अनि त्यसमा विवाह गर्ने, दिनको थितान गर्ने, परपाहुना बोलाउने, जन्त जाँदा नेपाली पोसाक र पञ्चेबाजामा जाने चलन, विवाह गरी दुलही ल्याएर आउने संस्कृतिलाई एकातर्फ प्रस्तुत गरिएको छ भने अर्कोतर्फ विवाहमा केटा पक्षबाट दाइजोको माग गर्ने अनि दुलही पक्षलाई बोझ बनाउने कुरा छ। यस्तो दाइजो संस्कृतिलाई अन्त्य गर्नका लागि दाइजो माग गरे विवाह नगर्ने कुरा रहेको छ। पहिला दाइजो चाहिँदैन भन्ने पछि दाइजोको माग गर्दा त्यसलाई समाप्त पार्नका लागि मोटरसाइकलसँग स्वयंवर गर्ने कुराले विद्रोहात्मक रूपमा परम्परा र संस्कृतिप्रतिकै विद्रोह गरिएको छ। बालबालिकालाई सानै उमेरदेखि सजग बनाउनका लागि यो बाल नाटकका सहायताले विषयवस्तु प्रस्तुत भएको छ । यसले दाइजो संस्कार र संस्कृतिमा रूपान्तरण गरी दाइजोविना विवाह गरेर नाटकमा परिवर्तनको अवस्था सिर्जना गरिएको छ। यस्ता विषयले नेपाली समाजमा सांस्कृतिक रूपान्तरणको कुरालाई प्रष्ट पारेको छ।

**'मोटरसाइकलको बिहे' बालनाटकमा विद्रोहात्मक चेत**

मोटरसाइकलको बिहे बालनाटकमा नेपाली समाजमा रहेको दाइजोप्रथाप्रतिको विद्रोहात्मक स्वर दिई त्यस विषयप्रति सचेत रहनुपर्छ भन्ने ज्ञान प्रदान गरेको छ। बालबालिकाबाटै समाज परिवर्तन हुने हुँदा बालबालिकाकै माध्यमबाट सामाजिक कुरीति, कुसंस्कार र दाइजोप्रतिको विद्रोह अभिव्यक्त भएको छ।

पारिवारिक परिचयबाट कुराकानी भएको नाटकको विषयवस्तुमा पाँच दृश्यमा विभाजन गरी ती दृश्यका सहायताले समाजमा रहेको दाइजो संस्कृतिको विद्रोह गरी मोटरसाइकल मागेका केटा पक्षलाई मोटरसाइकलसँग स्वयंवर गर्न लगाएर साङ्केतिक विरोध जनाइएको छ। कन्या माग्न गएको झुसेलाई मिनी पात्रले : "ठीकै छ

नराम्रो केही भएन तर हामीले श्रद्धासाथ सालको पातमा फूलअक्षतासँग कन्या दिने हो । अरू *केही दिँदैनौ नि । उनीहरूको विशेष* माग केही छ कि ?" (पृः६) यस कुराले समाजका विकृति, विभेद अनि दाइजोप्रथाप्रति सचेत बनेको र त्यसको विरोध गरी केही नदिने कुरा खुलस्त गरिएको छ। केही माग भएको खण्डमा भन्न अनुरोधसमेत गरिएको छ। यदि दाइजोको कुरा गरिएको भए अस्वीकार गर्ने मनसाय भएकाले नाटकमा दाइजोप्रतिको विरोध प्रष्ट रूपमा देखिएको छ।

कुराकानीकै क्रममा पुन्टे पात्रले पनि दाइजोको विरोध गर्दैः "प्युपा, यो तित्रे के भन्छ, दाइजोसाइजो जोरजामको कुरा नगर है । यो खराब चलन त हटाउनै पर्छ । फेरि च्याउँसी पनि दाइजो माग्नेसँग बिहे गर्दिन भन्ने अठोटमा छे" (पृः७) । यसरी पुन्टे पात्रका सहायताले समाजमा रहेका विविध कुप्रथा, कुरीति र कुसंस्कारमध्ये दाइजोप्रथाको खराब चलन हटाउनुपर्ने कुराको विरोध प्रष्ट रूपमा प्रस्तुत छ। यसका साथै दाइजो मागे बिहे हुँदैन, दाइजो मागे पानीमा चोवलेर पठाउनुपर्छ भन्ने कुराले पनि थप प्रष्ट्याएको छ।

त्यस्तै नाटमा उल्लेख भएको मिनीको अर्को संवादले पनि दाइजोप्रथाको विरोध गरेको छ :

> ल प्युपाज्यू ! हामी त केबल च्याउँसी दिन्छौँ । हामीकहाँ धनसम्पत्तिसित कन्या दिने चलन छैन् । हामी अरूबाट धनसम्पत्ति पाइएला कि भनेर लोभ, आसा भरोसा केही गर्दैनौँ । दिने चलन त झन रोगी, भोगी, ढोँगी र अल्छी बनाउने गलत तरिका हो । यो सामाजिक रोग सकेसम्म छिटो निको हुनुपर्दछ भन्ने हाम्रो विचार छ। विवाहमा सम्पत्ति लिने दिने दुवै सुधार गर्नुपर्ने चलन हुन् । हामी प्रयासमा छौँ । कुरा बुझ्नु भो नि ! यसमा यहाँको केही भन्नु छ कि ! चित्त नबुझेको कुरा नलुकाकाऔ है ! (पृः८)

उक्त संवादले समाजमा रहेको दाइजोप्रथामा लिनेदिने कुराको सङ्केत गरेको छ । यस्ता समाजमा रहेका विकृत कुरालाई सुधार गर्नुपर्छ । दाइजो जस्तो सामाजिक रोगलाई सकेसम्म छिटो निको पार्नुपर्छ भन्ने विषयलाई प्रस्तुत गरेको छ । यस संवादबाट समाजमा रहेको सामाजिक रोग हटाउनुपर्ने र समाजसुधारतर्फ लाग्नुपर्ने विद्रोहात्मक दृष्टिकोण व्यक्त भएको छ ।

नाटकमा सामाजिक अवस्थामा रहेको दाइजोप्रतिको विद्रोह त जब केटा पक्षको इज्जत राख्ने भन्दै मोटरसाइकल मागिएको छ। त्यही मोटरसाइकललाई औँठी र माला लगाइदिन भनी त्यसैसँग स्वयंवर गर्न लगाएर ठुलो विद्रोहसमेत गरिएको छ। दाइजो मागेर प्रतिष्ठित हुने र तडकभडक देखाउँदा प्रतिष्ठा बढ्न सक्दैन, प्रतिष्ठा छ भन्नेहरूले त असल व्यवहार गर्न जान्नुपर्छ, यदि नभए सिक्नुपर्छ अनि प्रतिष्ठा बढ्न जान्छ भनी दाइजोप्रति असहमती व्यक्त गरिएको छ। पुतली गाउँमा जन्ती बोलाएर दुलही लुकाउने रवैया भएको भन्ने कुराको प्रतिकारमा दाइजोमा च्याल काढ्नेले फुर्ती लगाउन नसुहाउने भन्दै असहमतीका विद्रोह जनाएका छन् । पहिला नै दाइजो नदिने र दाइजो माग्नेसँग विवाह नगर्ने कुरा भएकोमा कुरा फेरेर केटा पक्षबाट दाइजो माग गरेकाले त्यसको विरोध गर्नु परेको वस्तुतथ्य कुरा अभिव्यक्त गरिएको छ। दाइजो नदिँदा आफन्तका अगाडि नाक काटिँदैन बरु मगन्तेको नाक काटिने भन्दै गलत संस्कार र संस्कृतिलाई बहिष्कार गरी असल संस्कृति निर्माणमा सहमती भएको छ। जुन मिनी पात्रका माध्यमबाट यसरी व्यक्त भएको छ :

> हो, बल्ल घैँटामा घाम लागेछन् । ठीक भन्नु भो चलनचल्ती भनेर समाजमा भेदभाव देखाउने र फाटो ल्याउने गलत कुरालाई पछ्याउने होइन, यस्तो चलन त हटाउनुपर्छ, समस्त जनतामा आत्मीय वातावरण बन्न सक्ने सजिलो चलन चलाउनुपर्छ । यो निर्माणमा फेरि पनि केही आपत्ति छ कि कसैको ? (पृः२०)

यस संवादले सार रूपमा समाजमा चलनचल्ती र संस्कृति भन्दै भेदभाव गर्ने गलत कुरालाई समर्थन गर्ने कार्यलाई बन्द गर्नुपर्छ। समाजमा रहेका यस्ता विकृति र विसङ्गतिलाई हटाउनुपर्छ। खराब चलनलाई निरन्तरता होइन भङ्ग गरी समस्त जनतामा आत्मीय वातावरण बन्न सक्ने सजिलो अनि असल चलन चलाउनुपर्छ। यदि कसैको केही विमती भए भन्न आग्रह गरिएको छ। यस कुरामा कसैको विमती नआएकाले दुलहादुलहीबिच हार्दिक स्नेहले लगनगाँठो कसिएको छ भने गलत संस्कृतिको दाइजोरूपी मोटरसाइकललाई फर्काइएको छ।

## निष्कर्ष

छायादत्त न्यौपानेद्वारा लिखित 'मोटरसाइकलको बिहे' बालनाटक मोटरसाइकलको बिहे बालनाटक सङ्ग्रहमा सङ्कलित तीन नाटकमध्ये (२०६७) एक उत्कृष्ट बालनाटक हो । प्रस्तुत नाटकमा हाम्रो समाजमा हुने वैवाहिक घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । नाटकमा पुतलीको समाज निर्माण गरी हाम्रो समाजमा गरिने संस्कार, रीतिरिवाज, चालचलन र सामाजिक मूल्य र मान्यतालाई कथानकका रूपमा रहेको छ। समाजमा दाइजोको माग गर्ने अनि दुलही पक्षलाई बोझ बनाउने संस्कृतिलाई अन्त्य गर्नका लागि दाइजो माग गरे विवाह नगर्ने कुरा नाटकमा छ। दाइजो कार्यलाई समाप्त पार्नका लागि मोटरसाइकलसँग स्वयंवर गर्ने कुराले विद्रोह जनाएको छ। यो हुनु भनेको समाजमा रहेको कुरीति, परम्परा र संस्कृतिप्रति विद्रोह छ। बालबालिकालाई सजग बनाई असल संस्कार र संस्कृतिको निर्माण गर्ने कुरा रहनु नाटकको सवल पक्ष हो । दाइजो संस्कार र संस्कृतिमा रूपान्तरण गरी दाइजोविना विवाह गरेर नाटकमा परिवर्तनको अवस्था सिर्जना गरिएको छ। यस विषयले नेपाली समाजमा सांस्कृतिक रूपान्तरणको कुरालाई प्रष्ट पारेको छ। त्यसैले समाजिक, सांस्कृतिक रूपान्तरण र दाइजोप्रतिको विद्रोहात्मक चेतका आधारमा मोटरसाइकलको बिहे बालनाटक सशक्त बनेको छ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी र फुयाल (२०७५), वाङ्मयसेवी छायादत्त, काठमाडौँ : सत्याल प्रकाशन एन्ड डिष्ट्रिब्युटर्स प्रा लि ।

कसजू, विनय कुमार (२०७४), प्रज्ञा बाल साहित्य विवेचना, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चैतन्य (२०६९), मार्क्सवादी सौन्दर्य चिन्तन, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा दोस्रो भाग ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, छायादत्त (२०६७), मोटरसाइकलको बिहे, काठमाडौँ : अक्षरधाम प्रकाशन,

पाण्डेय, ताराकान्त (२०७३), मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, ललितपुर : साझा प्रकाशन ।

पाण्डेय ताराकान्त, भण्डारी जगदिश र पौडेल गोपीन्द्र (सम्पा, २०६७) प्रवर्तक, काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान ।

वराल ईश्वर र अन्य (सम्पा) (२०५५), नेपाली साहित्यकोश, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

वर्न्स, एमिल (२०६६), मार्क्सवाद के हो ?, काठमाडौँ : भिजन पब्लिकेसन ।

शर्मा र लुइटेल (२०६७), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, धनप्रसाद (२०७६), समाजवादी यथार्थवाद : परिचय र मान्यता, अनलाइन पत्रिका ।